पोखरा उपत्यका साइडसिन घुम्न जाऔं

घुमाउने ठाउँहरू

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स

061-544439, 589012, 9856051659 9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत २६ गते मंगलबार ❑ 8 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## अन्नपूर्ण क्षेत्रमा आठ महिनामा एक लाख ४० हजार पर्यटक

**रासस**
गण्डकी, २५ चैत

पदयात्राका लागि विश्वप्रसिद्ध अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा गत साउनदेखि फागनुसम्ममा एक लाख ३९ हजार ५७९ विदेशी पर्यटक भित्रिएका छन् । जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३० हजार १६९ ले बढी हो ।

आयोजना प्रमुख डा रविन कडरियाका अनुसार सबैभन्दा बढी गत कात्तिकमा ३३ हजार ३१० पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए । सबैभन्दा कम माघमा जम्मा नौ हजार ३४ पर्यटक 'एक्याप' भित्रिएका थिए।

फागुनयता पर्यटक आवागमनमा वृद्धि भएको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । चैत-वैशाखपदयात्राकालागिउत्तम मानिने हुँदा यो याममा पर्यटकको सङ्ख्या थप बढ्ने उहाँले बताउनुभयो । गत वर्ष चैतमा वर्षकै सबैभन्दा धेरै ३५ हजार २६५ पर्यटकले अन्नपूर्ण क्षेत्र घुमफिर गरेका थिए । वर्षात् र जाडो याममा यस क्षेत्रमा आउने पदयात्रीको सङ्ख्या न्यून हुने गरेको छ । पदयात्राका लागि असोज-कात्तिक र चैत-वैशाखलाई उत्तम समय मानिने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो ।

पछिल्लो तीन वर्षको आँकडाअनुसार बर्सेनि उक्त क्षेत्रमा पर्यटकको आवागमन बढेको देखिन्छ । आव २०७९/८० मा एक लाख ७२ हजार १०८ पर्यटक 'एक्याप' भित्रिएकामा आव २०८०/८१ मा दुई लाख २२ हजार १८० पर्यटकले उक्त क्षेत्रका भ्रमण गरेका थिए । आव सकिन चार महिना बाँकी रहेकाले चालु आवमा पनि पर्यटक सङ्ख्या गत वर्षको तुलनामा वृद्धि हुने अनुमान आयोजना कार्यालयको छ ।

"गत वर्षको तुलनामा चालु आवका हरेक महिनामा पर्यटक सङ्ख्या बढेको छ", आयोजना प्रमुख डा कडरियाले भन्नुभयो, "यस क्षेत्रको पर्यटन पुरानै लयतिर फर्किएको छ, सडकमार्गबाट घुम्न र पदयात्रा गर्न आउने विदेशी पर्यटकको सङ्ख्या बढ्दो छ ।" मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले पदयात्रा रुचाउने गरेका छन् ।

'एक्याप'ले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सडक मार्ग भएर मुस्ताङ, मनाङलगायतका ठाउँ छिर्ने आन्तरिक पर्यटकको सङ्ख्या एकिन गर्न नसकिने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । अन्नपूर्ण चक्रीय पदमार्ग विश्वभरका पर्यटकको रोजाइमा पर्दै आएको छ ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायत गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् ।

हिमश्रङ्खलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनिएको छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा गर्न सकिने 'एक्याप'ले जनाएको छ । सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् ।

## पोखरा–जोमसोमु हवाई उडानको सङ्ख्या घट्यो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २५ चैत

राष्ट्रिय गौरवको बेनी-जोमसोम–कोरला सडक सहजहुँदै जान थालेपछि पोखरा–जोमसोमु हवाई उडानको सङ्ख्या दुई तिहाइले घटेको छ । पर्यटकीय यामका बेला निकै चहलपहल हुने जोमसोम नागरिक उड्यन कार्यालयको जोमसोम विमानस्थलमा हवाई यात्रुको चहलपहल पहिलेको जस्तो देखिँदैन ।

हिमाली जिल्ला मुस्ताङमा बिहानको समयम मात्रै साना टुईनेटर जहाजहरुले पोखरा–जोमसोम हवाई सेवाको उडान भर्ने गर्दथे । तर बिहानको समयमा जोमसोम विमानस्थल पुग्ने हो भने सीमित हवाई यात्रुबाहेक अन्य कोही हुँदैनन् । राष्ट्रिय राजमार्ग सुरु हुनुअघि पोखरा-जोमसाम हवाई यात्रा गर्दै दैनिक तीन सय बढी पर्यटक मुस्ताङ आउने गरेका थिए । अहिले त्यो सङ्ख्या घटेर आधा पनि पुग्दैन । यसको कारण हो स्तरोन्नति हुँदै गरेको कोरला सडक । म्याग्दीको बेनीदेखि मुस्ताङको मुक्तिनाथसम्म दुई तिहाईभन्दा बढी कच्ची सडक कालोपत्र भइसकेको छ ।

सडक कालोपत्र भएकै कारण हवाई यात्रुको सङ्ख्या विगतका वर्षभन्दा यसपाली हवाई उडान घट्न पुगेको जोमसोम नागरिक उड्यान कार्यालयका प्रमुख केशव लम्सालले जानकारी दिनुभयो । "कोरला सडक स्तरोन्नति हुनु अगावै यहाँ १८ वटासम्म हवाई उडान हुने गरेको हाम्रो रेकर्डमा छ ", उहाँले भन्नुभयो,"अहिले हवाई यात्रा गर्ने कतिपय पर्यटक सडकमार्ग हुँदै मुस्ताङ आउँजाउ गर्छन् ।"

हिउँदयामको समाप्ति र वसन्त ऋतुको आगमनसँगै यो समय मुस्ताङ घुम्ने उपयुक्त अनुकूल समय हो । यद्यपि योसमयमा पोखराबाट हवाईमार्ग हुँदै मुस्ताङ आउने पर्यटक सडकमार्गबाट आउँने गर्दा उडान घटेको तारा एअरलाईन्सका जोमसोम व्यवस्थापक सुजन लालचनले उल्लेख गर्नुभयो ।

"पहिला हामीलाई यात्रुवर्गलाई टिकट उपलब्ध गराउनै हम्मेहम्मे पर्ने गर्थ्यो, पोखरा जोमसोम टु वे कै टिकट काटेर आउने हवाई यात्रुले गर्दा नेपाली पर्यटकसहित स्थानीय र कर्मचारीलाई हवाई टिकट छैन भन्नुपर्थ्यो", उहाँले भन्नुभयो," अहिले पोखराबाट आतेजातेको टिकट लिएर नआएमा यहाँबाट जहाज नै खाली पठाउनु अवस्था भइरहेको छ, पछिल्लो वर्षमा झनै यस्तो समस्य थपिएर उडान क्रमशः घट्ने अवस्था देखिएको छ ।" पोखराबाट भारतीय पर्यटकले मुक्तिनाथको दर्शन गरी भोलिपल्टै फर्किने गरी दुईतर्फी हवाई टिकट लिने गरेको भए पनि अन्य मुलुकका पर्यटकले भने एकतर्फी टिकट लिएर हवाईयात्रा गर्ने भएकाले जोमसोमबाट प्रायः जहाज खालीखाली पठाउनुपर्ने अवस्था रहेको समिट एअरलाईन्सका जोमसोमका व्यवस्थापक सुमन थकालीको भनाइ छ । "पहिला पहिला यहाँबाट स्थानीय र कर्मचारी लगायतमा यात्रु पनि जहाजको यात्रा गर्न खोज्थे', भन्नुभयो,"अहिले सडक बाटो राम्रो भएकाले यहाँबाट अधिकांश यात्रु सडकमार्गबाटै पोखरा झर्ने गर्छन् ।" पोखरा जोमसोम हवाई उडान घट्नुको अर्को कारण पछिल्लो समय सुरक्षित हवाई यात्रामा चुनौती पोखरा जोमसोम हवाई मार्गमा आधादर्जन जती हवाई दुर्घटना भइसकेको छ । बढ्दो हवाई जोखिमलाई न्यूनीकरण नेपाल नागरिक उड्यान प्राधिकरणले नयाँ नियम र थप निगरानी बढाउन थालेपछि हवाई उडान घट्नु पुगेको विश्लेषण गरिएको छ ।

यसो त (पोखरा–जोमसोम) हवाई यात्राका लागि सम्बन्धित ट्राभल एजेन्सीहरुले टिकट बुकिङ गर्ने गरे पनि उडान रद्द हुँदा तत्कालै सडकमार्गबाट यात्रुलाई मुस्ताङ पठाउने गर्दा हवाई उडान घटेको व्यवस्थापक थकालीले उल्लेख गर्नुभयो । ट्राभल कम्पनीले हवाई टिकट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'पोखरा–छेन्दु उडान नियमित गर्न सबैको सहयोग आवश्यक'

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत




पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सुरु भएको चीनको सिचुवान प्रान्तस्थित छेन्दुको उडानलाई निरन्तरता दिन सबैको सहयोग आवश्यक रहेको बताउनुभएको छ ।

पोखरा पर्यटन परिषद्द्वारा सोमबार पोखरामा आयोजित पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट चीनको छेन्दुमा गरिएको पहिलो व्यावसायिक चाटर्ड उडानका सहभागीलाई सहभागिताको प्रमाणपत्र वितरण गर्दै उहाँले उक्त उडानसँगै पोखराबाट अन्तरराष्ट्रिय उडानका सम्भावना बढेको बताउनुभयो । पहिलो अन्तरराष्ट्रिय उडानका क्रममा छेन्दु, लुझाउ, छोङछिङलगायत सहरमा भएका कार्यक्रमले दुई देशबीचको सम्बन्धसँगै पर्यटकीय साझेदारीलाई उजागर गरेको बताउँदै उहाँले सिचुवान एयरलायन्सको धेरै देशमा रहेको सञ्जालको उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । चीनको माउन्ट कैलाश नजिकै निर्मित आली विमानस्थलमा पोखराबाट सिधा उडान गर्न सकिएमा त्यसले यहाँको अर्थतन्त्रलाई थप महत्त्वपूर्ण योगदान पुग्ने उहाँको भनाइ छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरा-छेन्दु पहिलो व्यावसायिक चाटर्ड उडानमा नेपाल पर्यटन बोर्डको आयोजनामा छेन्दु र छोङछिङमा गरिएका 'बिटुबी' तथा 'सेल्स मिसन'ले यहाँको पर्यटनमा योगदान पुऱ्याएको बताउनुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पहिलो सफल उडानसँगै पोखरा चीनको सम्बन्धलाई थप उजागर गरेको बताउनुभयो । परिषद्का महासचिव एवं कार्यक्रम संयोजक जीवनराज सापकोटाले पहिलो व्यावसायिक उडानमा साथ र सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गर्नुभयो । परिषद्का संस्थापक अध्यक्ष अशोक पालिखे, रामकली खड्का, दीपक पहारीलगायतले चीनको विकाससँगै त्यहाँको अनुशासन, सरसफाइलगायत अनुकरणीय रहेको धारणा राख्नुभयो ।

## गण्डकी प्रदेशमा मनाइयो नवौं स्वास्थ्य बिमा दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २५ चैत



स्वास्थ्य विमा बोर्ड गण्डकी प्रदेश कार्यालयले एक कार्यक्रमका बीच आज पोखरामा नवौं स्वास्थ्य बिमा दिवस मनाइएको छ ।

कार्यक्रमको एक समारोहका बीच गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयका स्वास्थ्य प्रशासक एवम् गण्डकी प्रदेश स्वास्थ्य बिमा संयोजन समितिका सदस्य सचिव डा.रमेश केसीले उद्घाटन गर्नुभयो । कार्यक्रममा उहाँले विश्वमा १४२ वर्ष अघिदेखि सुरु भएको स्वास्थ्य बिमा नेपालमा नौ वर्ष यता सञ्चालनमा रहेको बताउँदै शिशु अवस्थामा रहेको यस कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउनुपर्ने बताउनुभयो । सेवाग्राही,सेवाप्रदायकअस्पताल र स्वास्थ्य बिमा बोर्डको त्रिकोणात्मक समन्वय आवश्यक भएको बताउँदै उहाँले यस कार्यक्रमको प्रभावकारितासँगै गुणस्तरीयता अभिबृद्धिमा जोड दिनुपर्ने बताउनुभयो । उपचारमा आम सर्वसाधारणको सहज पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रममा सबैलाई समेट्दै यसलाई अझै प्रभावकारी बनाउनु आवश्यक भएको उहाँको भनाइ छ ।

स्वास्थ्य बिमा बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रदेश संयोजक जीवलाल खेरलले प्रदेशमा बिमित हुनेको संख्या सकारात्मक रुपमा बढीरहेको बताउँदै आम सर्बसाधारणलाई बिमामा समेट्ने गरी प्रयास भैरहेको जानकारी गराउनुभयो । विश्वव्यापी रुपमा स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रुपमा अघि बढेको उल्लेख गर्दै उहाँले नेपालमा पनि यसलाई समय सापेक्ष रुपमा सुधार गर्दै अघि बढीएको बताउनुभयो । नेपालमा स्वास्थ्य बिमाप्रति सकारात्मक भन्दा पनि नकारात्मक रुपमा प्रचार गर्ने प्रबृति कायमै रहेको बताउँदै उहाँले सकारात्मक सूचना प्रवाह गर्दै सबै नागरिकलाई स्वास्थ्य बिमामा आवद्ध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । राष्ट्रिय समाचार समितिका गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेलले समाजका सबै बर्ग र समूदायलाई सहज तथा सुलभ स्वास्थ्य सेवाको पहुँच बढाउने उद्देश्यका साथ सञ्चालित स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो । नकारात्मक सोचबाट माथि उठ्दै विद्यमान समस्या एवम् कमीकमजोरीलाई हटाउँदै आम जनता माझ यो कार्यक्रमलाई पुऱ्याउन सबैको साथ र सहयोग आवश्यक हुने उहाँको भनाइ छ । स्वास्थ्य बिमा बोर्ड गण्डकी प्रदेश कार्यालयका

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# केपी ओली कप राष्ट्रिय टि २० क्रिकेट: सिइसी काठमाडौं सेमीफाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

राष्ट्रिय खेलाडी सम्मिलित सिइसी काठमाण्डौ संग पोखरा महानगर क्रिकेट क्लबले लज्जास्पद पराजय व्यहोरेको छ।

पोखरा क्रिकेट खेल मैदानमा मदन भण्डारी स्पोर्टस एकेडेमीको आयोजनामा जारी दोस्रो केपी ओली कप पुरुष राष्ट्रिय टि२० क्रिकेटमा तेस्रो दिनको पहिलो खेलमा सिइसी काठमाण्डौ ९ विकेटले बिजयी भएको हो। जित संगै लिगमा अपराजित रहँदै कुल ६ अंकका साथ उसले सेमीफाइनल यात्रा सुरक्षित गरेको छ। पोखराले आफ्ना लिग चरणका तीन खेलमा नै पराजयको सामना गरेको छ । पोखरा महानगरले टस जितेर ब्याटिङको सुरूवात गर्दै १७.२ ओभरमा १० विकेटको क्षतीमा ५३ रन बनायो।



पोखराले १० रन अतिरिक्त रनको रुपमा पायो। सुमह 'ए'को अन्तिम चरणको खेलमा पोखराको पारीलाई ध्वस्ता पार्ने क्रममा म्यान अफ दि म्याच समेत रहेका सिइसी काठमाण्डौका दिपेन्द्र रावतले र युनिश विक्रम सिंह ठकुरीले समान ३/३ विकेट हात पारे। दिपेन्द्रले आफ्नो ४ ओभरको स्पेलमा ८ रन दिएर ३ विकेट लिए भने विक्रमले ३.२ ओभरमा ९ रन दिएर ३ विकेट लिए । पोखराका कविन सापकोटाले १२ रनको दोहोरो रन बनाउनु बाहेक अन्य खेलाडीहरु क्रिजमा टिक्न सकेनन्। पोखराका लागि आशिष न्यौपाने ९, सुमित श्रेष्ठ र अन्जन केसीले समान २/२, प्रमोद बास्तोला, अभिनव शाह, मार्शल बराललें समान ३/३ रन बनाए । समिर भुजेल र सुवास बास्तोला सुनय रनमा आउट भए। त्यस्तै काठमाण्डौका लागि सूर्य तामाङले ४ ओभरमा १० रन दिएर २ विकेट तथा मनोज यादव र अशोक बोहोराले समान १/१ विकेट हात पारे। ५४ रनको भिनो लक्ष्य पछ्याएको टिमको कप्तानी सम्हालेका रित गौतमले आक्रमक पारी खेल्दै १५ बलमा ३६ रनको योगदान दिए । उनले आफ्नो पारीमा ३ छक्का र ४ चौका प्रहार गरे । उनी सुभाष बास्तोलाको बलमा अभिनवको हातबाट क्याच आउट भए। त्यस्तै दिपेन्द्र रावतले ८ बलको सामना गर्दै १ चौका र २ छक्का साथ १९ रन बनाउँदा शिवम तिवारीले २ रन बनाए । समुह एको अन्तिम लिग खेल हेटौडा स्पोर्टस एकेडेमी र स्याङ्जा क्रिकेट क्लबका बीच हुनेछ। दुबैले लिग चरणमा एक-एक खेल जितेका छन्।

# पौडेल दाजुभाइले ल्याए टेम्पल बेल बुटिक होटल एण्ड स्पा: सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

पर्यटकीय नगरी पोखरामा दुई पौडेल दाजुभाइको संयुक्त लगानीमा 'टेम्पल बेल बुटिक होटल एण्ड स्पा' सञ्चालनमा आएको छ।

विगत साँढे ३ बर्षमा निर्माण भएको उक्त होटल हाल अनौपचारिक रुपमा (सफ्टओपनिङ) गरिएको सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । पोखराका पर्यटन व्यवसायी एवं सामाजिक व्यक्तित्व विश्वराज पौडेल र भिष्मराज पौडेलले करिब १ अर्ब २५ करोडको लागतमा उक्त टेम्पल बेल बुटिक होटल सञ्चालनमा ल्याएका हुन् । दुई दशक अघि स्थापना भएको चिल्ली ग्रुप अन्तर्गत पोखराको लेकसाइडस्थित स्ट्रिट नम्बर १७ लालुपाते मार्गमा उक्त नयाँ मोडलको होटल सञ्चालनमा ल्याएका हुन् । होटलमा ५५ रुमहरु मध्य ४७ वटा डिलक्स रुम, ५ वटा सुपर डिलक्स, २ वटा जुनियर स्विट र १ वटा प्रेसिडेन्सियल स्विट रुम रहेको




चिल्ली ग्रुपका संस्थापक अध्यक्ष विश्वराज पौडेलले बताउनु भयो। साढे २ रोपनी जग्गामा निर्माण भइरहेको होटल सम्पन्न गर्न करिब ५५ करोड रुपैयाँ लगानी भएको उहाँले उल्लेख गर्नुभयो। चिल्ली ग्रुप अन्तर्गत अहिले चिल्ली बार एण्ड रेष्टुरेन्ट, हिमालयन ग्लोरी इन र ३६० डिग्री स्काई लाउन्ज सञ्चालन भइरहेको छ । ग्रुपले अहिले १ सय ४० जनालाई रोजगारी दिएको छ। ग्रुप अन्तगर जग्गा सहित करिब २ अर्व लागनी पुगेको दाबी गरेको छ। होटलमा अगाडि र पछाडि गरी दुई वटा इन्टरकनेक्टेड ब्लकहरू रहेका छन भने होटलमा रिसेप्सन, आकर्षक लबी, दुईवटा ज्याकुजी सहितको स्वीमिङ पूल, 'बुद्ध सदन' नामक सम्मेलन हल, महिला-पुरुषका लागि स्टीम, साउना, थेरापी रुम सहितको अत्याधुनिक स्पा, रेस्टुरेन्ट, आपतकालीन द्वार, बेसमेन्ट पार्किङ र दुइ वटा आधुनिक लिफ्टको सुविधा उपलब्ध रहेको होटलका म्यानेजिङ डाईरेक्टर भिष्मराज पौडेलले बताउनु भयो। होटलमा करिब ६० जना दक्ष कर्मचारी कार्यरत रहेको ग्रुपका कर्पोरेट म्यानेजर लेखनाथ पहारीले बताउनुभयो। उक्त ग्रुपकी संरक्षक ज्ञानुदेवि पौडेल(आमा) ले दुई छोराहरु मिलेर पर्यटन क्षेत्रमा गरेको लगानीले पोखरा र नेपालको पर्यटन प्रबर्द्धन हुने उनले विश्वास व्यक्त गर्नुभयो । सधै आफ्ना छोराहरु यस्तै हाँसी खुसि भएको देख्न इच्छा भएको जनाउनु भयो । पोखरामा उक्त होटलले स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षण गर्ने होटलकी आसा गुरुङले बताइन्।

# ल्वाङगाउँमा मेला जारी, महिला भलिबलतर्फ उपाधिका लागि धम्पुस र घलेल भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, २५ चैत

ग्रिनहिल युवा क्लबको आयोजनामा कास्कीको माछापुच्छ्रे गाउँपालिका ८ ल्वाङमा 'चैत्र दशैं मेलाको निकाश, पर्यटन संस्कृति र ग्रामिण पर्यटनको विकास' भन्ने नारासहित मेला जारी छ।

सो मेलामा महिला भलिबलतर्फ हिमशिखर युवा क्लब धम्पुस र बौद्ध सिर्जना युवा क्लब घलेल उपाधिका लागि भिड्ने भएका छन्।

आज भएको पहिलो सेमिफाइनल खेलमा धम्पुरले आयोजक ल्वाङलाई २-० को सोभ्रो सेटमा पराजित गर्दै फाइनलमा प्रवेश गरेको क्लबका अध्यक्ष सुजन गुरुङले जानकारी दिए । उनका अनुसार दोस्रो सेमिफाइनल खेलमा निश्चल भराना युवा क्लब लुम्रेलाई बौद्ध





सिर्जना युवा क्लब धलेलले २-० को सोभ्रो सेटमा हराउँदै फाइनलमा धम्पुससँगको भेट पक्का गर्यो। अब फाइनल खेल आगामी २७ गते बुधबार सम्पन्न हुनेछ । यस्तै सोही दिनदेखि पुरुषतर्फको खेलपनि सञ्चालन हुनेछ। पुरुषतर्फ आजसम्म कुल १८ टिमको दर्ता भएको छ।

बेलुन फुटाउने प्रतियोगितमा आयान गुरुङ प्रथम, वानयान पुन द्वित्तिय र कृजल परियार तृतीय बनेको खेल संयोजक अनोद गुरुङले बताए। उनका अनुसार मेच घुमाईतर्फ प्रिया परियार प्रथम र मनिसा विक द्वित्तिय बनिन्।

पुरुष भलिबलतर्फको विजेता टिमलाई नगद १ लाख १० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने संयोजक गुरुङले बताए।

उनका अनुसार उपविजेता टिमलाई नगद रु ६० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । तृतीय स्थान हाँसिल गर्ने टिमले नगद रु २० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्नेछ । भने, सान्त्वना स्थान हाँसिल गर्ने टिमलाई नगद रु १० हजारले पुरस्कृत गरिनेछ।

यसैगरी महिलातर्फ प्रथम हुने टिमलाई नगद रु २० हजार, द्वित्तियलाई १० हजारसहित शिल्ड, मेडल तथा प्रमाणत्र प्रदान गरिने छ । आयोजक संस्थाका निवर्तमान अध्यक्ष दिपक गुरुङका बुबाको निधन भएपछि २६ गते हुने भनिएको कार्यक्रम २७ गतेका लागि पोस्टपोन्ड गरिएको क्लबका अध्यक्ष सुजन गुरुङले जानकारी दिए । 'आज हाम्रो क्लबका निवर्तमान अध्यक्षज्यूको पुजनीय बुबाको निधनले हामी सबै स्तब्ध भएका छौ, उनले भने, 'त्यसैले हिजोबाट सुरु भएको मेलाका २६ गते हुने भनिएको सबै कार्यक्रम एक दिन पोस्टपोन्ड गरेका छौ। अब हाम्रो मेला पर्सीबाट निरन्तर हुनेछ।'

# 'युवामा रोजगारी सृजना मुख्य मुद्दा'

पोखरापत्र संवाददाता
तनहुँ, २५ चैत

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले युवामा रोजगारी सृजना अहिलेको मुख्य मुद्दा रहेको बताउनुभएको छ।

तरुण दल तनहुँद्वारा प्रकाशन गरिएको 'तरुण यात्रा' पुस्तक विमोचन गर्दै सोमबार उहाँले भन्नुभयो, "देशमा प्रत्येक वर्ष पाँच लाख रोजगारी सृजना गर्नुपर्ने देखिन्छ, तर हामीले ५० हजार रोजगारी सृजना गर्न सकेका छैनौं।

अबको पाँच वर्ष यस्तै रहने हो भने देशमा युवा शक्ति घट्ने छ।" उहाँले बालकक्षामा अध्ययनरत बालबालिकाको तथ्याङ्क हेर्ने होभने भर्ना अनुसार उपस्थित नहुने गरेको बताउनुभयो। प्रविधिको युगमा युवालाई रोजगार बनाउने योजना अगाडि सार्नुको विकल्प नरहेको उहाँको भनाइ छ । तरुण दलले युवासँग




जोडिएका मुद्दालाई उठान गरी रोजगारी वृद्धिमा आवाज उठाउनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो। अबको १८/२० वर्षपछि वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता अन्त्य गर्ने गरी काम गर्नुपर्ने महामन्त्री थापाले बताउनुभयो । युवालाई निराश हुनबाट जोगाउन कांग्रेसका भातृ सङ्गठनको अधिवेशन समयमा गनुपर्ने र नयाँ नेतृत्वले समयमा नेतृत्व लिन पाउने वातावरण बनाउनुपर्नेमा उहाँको जोड छ। उहाँले कृषिलाई विशिष्टिकृत गर्दै कम जनशक्ति परिचालन गरी बढी उत्पादन लिने गरी प्रविधिको उपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "कम जनशक्ति परिचालन गरेर उन्नत र रोजगारी सृजना गर्दै बढी उत्पादन लिनतर्फ प्रविधिको उपयोगमा युवालाई प्रोत्साहन गर्नुपर्छ ।" तरुण दलका जिल्ला अध्यक्ष हीरा थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति जीतप्रकाश आले, निवर्तमान सभापति वैकुण्ठ न्यौपानेलगायतले युवालाई कृषिसँग प्रविधिसँग जोडेर स्वदेशमै रहने वातावरण बनाउन आवश्यक रहेकामा जोड दिनुभएको थियो।

# पोखरा ...

बुकिङ गरे पनि सडकमार्गबाट यात्रा गराउँदा हवाई टिकटको आधा भाडा बचत हुने भएकाले पनि पहिलेको जस्तो जहाज कुरेर बस्ने नगरेको उहाँले जनाउँनुभयो।

यसरी जहाजको टिकटमा बुकिङ गरेर गाडीमा पठाउँदा ट्राभल कम्पनीलाई आर्थिक लाभ हुने उहाँले बताउनुभयो । पछिल्लो समय राष्ट्रिय गौरवको बेनी जोमसोम कोरला सडक सहज बनेपनि अधिकांश पर्यटक सडकमार्ग हुँदै मुस्ताङ आउने गरेको पाइएको छ।

सडकमार्गको सहजता र सस्तो मूल्यमा यात्रा गर्न पाइने र सवारीसाधन पनि भनेको समयमा उपलब्ध हुने भएकाले सडकमार्गबाट यात्रा गर्ने पर्यटकको सङ्ख्या वृद्धि भएको हो । मुस्ताङका स्थानीय नागरिक, कर्मचारी, सुरक्षाकर्मी, मजदुर र सामान्य व्यक्तिसमेत सडकमार्गबाट आवतजावत गर्ने गरेका छन् । अहिले दैनिक पोखरा –जोमसोम हवाई उडान दैनिक ५/६ वटा मात्रै हुने गरेको जोमसोम नागरिक उड्यन कार्यालयको भनाइ छ । यसमा यात्रा गर्ने ८० प्रतिशत भारतीय र २० प्रतिशत अन्य मुलुकका विदेशी पर्यटक रहेको छ । निर्माणधीन राष्ट्रिय गौरवको बेनी–जोमसोम सडक आयोजना कार्यान्वयनमा आउन पूर्व अनुकूल मौसममा (पोखरा-जोमसोम) हवाई उडान दैनिक १८ वटासम्म हुने गर्थ्यो।

साना जहाजलाई अनुकूल समयमा यात्रु ओसारपोसार गर्न भ्याइनभ्याइ हुने गर्थ्यो। भारतीय र तेस्रो मुलकका विदेशी पर्यटकले मात्रै टिकट पाउँथ्ये । नेपाली आन्तरिक पर्यटकलाई पोखरा-जोमसोम हवाई टिकट पाउन निकै कठिन पर्थ्यो। हवाई टिकट मूल्यमा एकरुपता नहुँदा नेपाली पर्यटकका साथै मुस्ताङका स्थानीयवासीलेसमेत हवाईयात्रा गर्न निकै सास्ती खप्नुपर्दथ्यो । स्वदेशी हवाई यात्रु भन्दा विदेश पर्यटकको हवाई यात्रु टिकटमा दोब्बर /तेब्बर मूल्यपर्ने भएकाले सम्बन्धित निजी एअरलाईन्स कम्पनीहरुले स्वदेशीलाई हवाई टिकट दिन खोज्दैनथ्ये।

कुनै दुर्घटना भयो वा सिकिस्त बिरामी परेको बखतमा मात्रै स्वास्थ्यचौकी वा अस्पतालको सिफारिसमा उनीहरुले हवाई टिकट उपलब्ध गराउँथ्ये। पोखरा-जोमसोम हवाईयात्रा गर्नुपर्दा यात्रुलाई निकैनै सङ्घर्ष गर्नुपर्थ्यो। तर, अहिले त्यो समय पूरै फेरिएको छ।

# गण्डकी प्रदेशमा ....

प्रदेश संयोजक जीवलाल खरेलको सभापतित्व एवम् स्वास्थ्य बिमा दर्ता अधिकारी गौतम सिंह धामीले सञ्चालन गर्नुभएको कार्यक्रममा विभिन्न अस्पतालका स्वास्थ्य बिमा फोकल पर्सनहरू मणिपाल शिक्षण अस्पतालका रविन्द्र ठाकुर, पश्चिमाञ्चल क्षेत्रीय अस्पातालका विद्या बास्तोला, दृष्टि आइ अस्पतालका शिव पोखेल, मातृ शिशु अस्पतालका ओम थापा, दर्ता अधिकारीहरू गोमादेवी अधिकारी, प्रमिला पौडेल, तेजबहादुर दर्लामी लगायतले स्वास्थ्य बिमाको विद्यमान अवस्था, चुनौती लगायतका विषयमा आ आफ्ना धारणा राख्नुभएको थियो।

कार्यक्रममा प्रदेशको कुल जनसंख्या २४ लाख ६६ हजार ४२७ जना रहेकोमा २०८१ चैत २५ गतेसम्म बिमित हुनेको संख्या १२ लाख सात हजार १७२ पुगेको र उक्त संख्या कुल संख्याको ४९ प्रतिशत रहेको कार्यक्रममा जानकारी गराइयो।

गण्डकीका ११ वटै जिल्लामा लागु भएको यो कार्यक्रम ८५ वटा स्थानीय तहमा सञ्चालन गरिएको छ। प्रदेशमा सेवा प्रदायक अस्पताल/संस्था भएको स्थानीय तह ४६ छन् भने सूचिकृत अस्पतालको संख्या ६० वटा रहेका छन् । त्यस्तै सेवा प्रदायक अस्पताल/संस्था नभएको स्थानीय तह ३९ वटा रहेको कार्यक्रममा जानकारी गराइयो।

**उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू**

- नून कम भएको स्वस्थ र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिगौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

